# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०९।०३ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-------------------------------------------------

महानगरीय प्रहरी प्रभाग, गोंगबु काठमाडौंका प्रमुख प्रहरी निरीक्षक हरिहर सुनुवारले आफ्नो कार्यक्षेत्र अन्तर्गत गेष्टहाउस सञ्चालन गर्ने क्रममा सेवाग्राहीलाई विभिन्न डर त्रास देखाई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगालबाट खटिइ गएको टोलीले निजलाई घुस बापतको रु. ५०,०००/-(पचास हजार) लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. ५०,०००/-(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै उक्त घुस लेनदेन प्रक्रियामा घुसको रकम माग्ने उठाउने कार्यमा प्रहरी जवान वीरेन्द्रबहादुर बम मतियारको रुपमा कसूरदार रहेको पुष्टी हुन आएको देखिदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा २२ बमोजिमको कसूरमा बिगो रु. ५०,०००/-(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) ले हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(विष्णु प्रसाद पोखरेल)
सह-सचिव एवं प्रवक्ता